विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

( पुनः सूचना प्रकाशित मिति २०८२/०८/२९)

## कवाडीजन्य पदार्थको कर असुली गर्न बढाबढको सिलबन्दी दरभाउपत्र सम्बन्धि १५ दिने सूचना ।

यस नगरपालिकाको क्षेत्रभित्र कवाडीजन्य पदार्थको आ.व.०८२/०८३ को बाँकी समयावधिको लागि ठेक्का नं. **BM/SQ/Revenue/04/082/083** ठेक्का प्रकृयाद्धारा कर संकलन गर्न पर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थाबाट देहायको शर्तहरुको पालना हुने गरी न्यूनतम अंकबाट बढाबढ गरी कबोल गर्नको लागि यो सिलबन्दि दरभाउपत्र सम्बन्धि सूचना प्रकाशन गरिएको छ ।

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपी समेत र दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगद तिरेको रसिद वा राजश्व बैंक दाखिला गरेको भौचर संलग्न राखी फारमसाथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२ बजेभित्र कार्यालयमा स्वंयम उपस्थिति भई पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्रदाताले सूचना र कागजात नगरपालिकाको वेबसाइट www.bidurmun.gov.np बाट पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । स्थानीय तहको राजश्व दाखिला फारम (Deposit Slip) सम्बन्धी विवरण तपसिल अनुसार रहेको छ ।

राजश्व खाता भएको बैंकको नामः **नेपाल बैंक लिमिटेड, त्रिशुली शाखा**
स्थानीय तहको नाम ठेगानाः **विदुर नगरपालिका, विदुर, नुवाकोट**
कार्यालय कोड नंः ८०१०३२९०१
राजश्व खाता नंः **०२६०३००००१००१००००४**
राजश्व शिर्षक नंः **१४२२९**

२. तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयमा नगद तिरेको रसिद वा यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा कार्यालय त्रिशुलीमा रहेको राजश्व शिर्षक नं १४२२९ आन्तरिक खाता नं. ०२६०३००००१००१००००४ मा रु. १०००।– (अक्षेरुपी एक हजार मात्र) (फिर्ता नहुने गरी) जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्वन्धि कागजातसाथ संलग्न गर्नु पर्नेछ ।

३. दरभाउपत्र सम्वन्धि फारम भर्दा कवोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. आफुले कवोल गरेको अंकको मु.अ. कर समेत हुन आउने रकमको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. शाखा कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं. ०२६०३००००३००००००००४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र नं. र कामको विवरण उल्लेख गरी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको म्याद भएको विडवण्ड दरभाउपत्र कागजातसाथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्रदाताले दरभाउपत्र कागजातको प्रत्येक पानामा सही छाप गर्नुपर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट पेश गर्न पाइने छैन ।

७. रितपुर्वक पर्न आएका दरभाउपत्रहरु दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको २ बजे नगरपालिकाको कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

८. दरभाउपत्र सम्बन्धि विस्तृत जानकारी दरभाउपत्र सम्वन्धि फारममा उल्लेख गरिएको हुँदा सोही फारमबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

९. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. न्यूनतम कबोल अंक मू.अ.क. बाहेक रु. ७,००,०००।- (अक्षेरुपी सात लाख) हुनेछ ।सोबाट बढाबढ गरी दरभाउपत्र पेश गर्नु पर्नेछ । दरभाउपत्रदाताले एकमुष्ट कबोल अंकको रकम बुझाउन पर्नेछ । यदि बोलपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल अंकको कम्तीमा ४० प्रतिशत रकम (मु.अ.कर समेत) सम्झौता गर्दाको बखत अनिवार्य बुझाउनु पर्नेछ । बाँकी ६० प्रतिशत रकमको हकमा (मु.अ.क. समेत) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको २०८३ श्रावण मसान्तसम्म अवधि भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । उक्त बाँकी ६० प्रतिशत रकममा ३० प्रतिशत फाल्गुण मसान्तभित्र र ३० प्रतिशत रकम बैशाख मसान्तसम्ममा बुझाउनु पर्नेछ ।तिर्नु बुझाउन पर्ने कर लगायतको रकममा कुनै पनि छुट सुविधा उपलब्ध हुनेछैन ।

११. नियमानुसार नेपाल सरकारलाई बुझाउन पर्ने आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउन पर्नेछ ।

१२. नियमानुसार तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउपत्रदाताले राखेको धरौटी जफत गरी कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाइनेछ ।

१३. उठाइने करका दरहरु दरभाउपत्र फारामसाथ उपलब्ध गराइनेछ ।

१४. यो सूचना आर्थिक वर्ष ०८२/०८३ को बाँकी समय अवधिको लागि मात्र हुनेछ । कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१५. विदुर नगरपालिका र दरभाउपत्रदाताबिचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६. नगरपालिका र दरभाउपत्रदाताबीच सम्झौता भएको मितिदेखि सम्झौता कार्यान्वयन भएको मानिनेछ ।

१७. यस नगरपालिकाका क्षेत्रबाट संकलन गरिने कवाडीजन्य पदार्थ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै प्रचलित कानूनहरु र दरभाउपत्र फाराममा भएका विषयहरु यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१८. यो सूचना र दरभाउपत्र कागजातमा उल्लेख भएका विषय यसै सूचना र दरभाउपत्र कागजात बमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

विदुर नगरपालिका

**सुभाकर पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**